फोन:-०४४-४११०५२

# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७७/०७८
च.नं. :-

मिति :- २०७७/०९/१६

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे सुचना

रोजगारी हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आ.वं. २०७७/०७८ मा यस स्थानीय तह मातहत रहेको रोजगार सेवा केन्द्र समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजानिक विकासको काममा योगदान गर्ने चाहने इच्छुक (१८ वर्ष देखि ५९ वर्ष सम्मको) बेरोजगार व्यक्तिहरुले **मिति २०७७/०९/१६ गते देखि २०७७ पुष मसान्त सम्ममा** आफुले स्थाई बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । निवेदन फारम सम्बन्धित वडा कार्यालय वा रोजगार सेवा केन्द्र, औरही न.पा.महोत्तरी बाट नि :शुल्क प्राप्त गर्ने सकिनेछ ।

**निवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. निवेदक सहित परिवारमा भएका बेराजगार व्यक्तिहरुको नागरिकताको स्पष्ट देखिने प्रतिलिपी १-१ थान
२. निवेदकको पासर्पोट साईजको फोटो २ थान
३. निवेदक बसाईसराई गरि आएको हकमा बसाईसराई गरेको प्रमाणित प्रतिलिपी १ थान
४. नागरिकता नभएका बालबालिकाहरुको हकमा जन्मदर्त्ताको प्रमाण पत्रको प्रतिलिपी १ थान
५. सम्पर्क नं. बार्षिक पारिवारिक आय र काम गर्ने समय अनिवार्यरुपमा भर्नुपर्ने
६. फारममा भएको पारिवारिक विवरणमा निवेदक सहित पारिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिता नं., जारी मिति र जिल्ला, शैक्षिक योग्यता, सिप रोजगारीको अवस्था .... आदी विवरण अनिवार्यरुपामा भर्नुपर्ने छ ।

(**नोट** :तपशिलका विवरण उल्लेख नगरेका अपूर्ण/अधुरो तथा झुठो विवरण पेश गरेको फारमहरु वडा कार्यालयमा प्रमाणित तथा संकलन नगर्ने गराउन अनुरोध छ । अपूर्ण/अधुरो फारम माथि कुनै कारवाही नभई सिथै रद्द गरिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत